# बर्दिवास नगरपालिका कार्यालय बर्दिवासको अनुरोध ।

नेपाल सरकार(मा.उप-प्रधानमन्त्रीस्तर) को मिति २०७२।८।२२ को निर्णय अनुसार पूर्व पश्चिम राजमार्गको १०३० किलोमिटर क्षेत्र र आसपास क्षेत्रमा यही पौष ९ गते देखि सप्ताहव्यापी सरसफाइ कार्यक्रम राखिएको छ । जनस्तरमा सरसफाई र स्वच्छ वातावरण कायम गर्ने, सचेतना अभिवृद्धि गर्ने, वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० को प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने, पूर्वदेखि पश्चिम सम्ममा सरसफाइ सम्वन्धित उत्तम अभ्यासहरु पहिचान गरी प्रवर्द्धन गर्ने तथा सोही क्रममा नियमित अनुगमन समेत गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना हुन लागेको हो ।

यसै क्रममा यस बर्दिवास नगरपालिकाले पनि यहि पौष ९ गते देखि सप्ताहव्यापी विशेष सरसफाइ अभियानको कार्यक्रमको आयोजना गर्दैछ । यस कार्यक्रम अनुसार ९ गते देखि नै बर्दिवास नगर भरी नै विशेष सरसफाई अभियानको थालनी गरी पौष १३ गते सम्पूर्ण नगरबासी विहान ८.०० बजे सररफाइ कार्यक्रमका लागि बर्दिवास चौकमा भेला भई विशेष सरसफाई गर्ने कार्यक्रम रहेको हुँदा सम्पूर्ण नगरवासीहरुलाई उक्त कार्यक्रममा सहभागी भई दिन हुन सादर अनुरोध छ ।

साथै सरसफाई अभियान संगसंगै बर्दिवास नगरपालिका अन्तर्गतका नगर क्षेत्रमा **सड्क तथा सड्क किनारा पेटी अतिक्रमण गरी पसल दोकान गर्ने, घर टहरा बनाउने, निर्माण सामग्री थुपार्ने कार्यलाइ यथाशीघ्र हटाउने** भनी निर्णय भएको हुँदा कसैले सडक किनारामा पसल दोकान, व्यापार व्यवशाय गरी रहनुभएको छ, पसल दोकानका लागि घर टहरा बनाउनु भएको छ भने यथाशीघ्र हटाई नगरको सौन्दर्यकरणमा सहयोग गरी दिन हुन समेत अनुरोध छ ।

**बर्दिवास नगरपालिका कार्यालय**
**बर्दिवास, महोत्तरी**